कथा

# असम्बद्ध

-चंकी श्रेष्ठ

यस्तो सोचाइ आउनासाथ ऊ आफैँमाथि हास्न थाल्यो । के भने, अब आत्महत्या नगरी धरै छैन -- उसको विवेकले यही आदेश दिएको थियो । यो अलग कुरा हो कि आदेश अलि प्राचीन र चिरन्तन खालको थियो । त्यस कारण, त्यसका लागि त्यति दुखी भने भएन ।

आफ्नो विवेकको आदेश मान्नुपर्छ भन्ने उसको मान्यता थियो । त्यस कारण, आफैँप्रति व्यंग्यात्मक हुँदाहुँदै पनि आत्महत्या गर्न तयार भएको थियो । उसको सोचाइ थियो- उसको जीवन सत्य र न्यायका लागि हो । त्यसैले सत्य र न्यायको सपना त  ऊ सास फेरेजतिकै देख्ने गर्थ्यो । तर, पछि  उसलाई के महसुस हुन थालेको थियो भने सत्य र न्याय त मानव सभ्यताको सुरुवातदेखि नै हत्याराको हातमा छ । कस्तो मुटु नै चिराउने कुरा ! त्यसपछि नजानिदो पाराले कुनै चिजले उसको मुटुमा धक्का दिन थालेको थियो । उसको विचारमा ऊ यस कारण आत्महत्या गर्न खोजिरहेको थिएन कि ऊ पलायन हुन खोज्दैछ । यस्तो मृत्युप्रति त उसलाई घृणा नै  थियो । मूलमा जेसुकै भए पनि उसको तर्क थियो- ऊ सत्यका लागि बलिदान गर्न चाहन्छ । उसको सोचाइ थियो- सबै आत्महत्याहरू निरर्थक हुँदैनन् । सबै आत्महत्याहरू पलायन हुँदैनन् । थिम्याटिकल्ली, यो उसको आदर्श- आत्महत्या हुनेवाला थियो ।

ऊ औसत नेपालीको दर्जा दिन सकिने सोझो नेपाली नागरिक थियो ।  लेखपढ उसको चिरन्तन रुचिको विषय थियो । सडक कवि शम्भुप्रसाददेखि पाएसम्म ह्विटमन, शेली र शेक्सपियरसम्मलाई पढेको थियो । शेक्सपियरका कैयन् प्रेममय सनेट उसले मुखाग्र पारेको थियो जसलाई समय-समयमा उसले प्रेमस्रेममा उकेरा दिन प्रयोग गरेको थियो । यो अलग कुरा हो, पछि विभिन्न कारणले प्रेमसहित अन्य थुप्रै कुरा हिन्दी सिनेमामा श्रीदेवीजस्तै विगत सबै बिर्सेर ऊबाट बिदाबादी भएका थिए । यस्तो पनि होइन कि ऊ पूरै असामाजिक थियो । फेरि पनि ऊ त्यस्ता मानिसलाई रिझाउन असफल थियो जो देश बिग्रियो त भन्थे तर सिंगै देशलाई पेटभित्र हुल्ने सामर्थ्य राख्थे । अतः परिस्थिति बिस्तारै उसका विरुद्ध सिस्नाको झ्याङझैँ लहलहाएको थियो ।

बीए पास गरिसकेपछि पनि जुन बेकारीको वाणले उसलाई हानिरहेको थियो - त्यसले उसको हत्या नै गरिदेला भन्ने उसलाई ठूलो डर थियो । धेरैपछि पार्टी सदस्यका नाताले पार्टीकै एउटा अखबारमा उसले काम पाएको थियो । त्यसले गरिबी भन्ने शाश्वत सम्पत्तिले खोस्रेको घाउमा मलहम लगाउन अलिकति मद्दत अवश्य मिलेको थियो । त्यसो त ऊ राजनीतिक थिएन । राजनीतिक हुन लायक पनि थिएन । तर, एउटा साथीको करले पार्टी सदस्यता लिएको थियो । र, त्यसको ‘साइड इफेक्ट’ पनि ग्रहण गरिरहेकै थियो ।

जागिर त थियो, भनिहालियो, जागिरपछाडि पार्टी थियो । पार्टीपछाडि जागिर लगाइदिनेहरू थिए । लेबी थियो । अन्य थुप्रै ‘ट्याक्स’हरू थिए । पार्टीको कुनै मान्छे बिरामी पर्थ्यो, त्यसलाई सहयोग गर्ने जिम्मा उसको हुन्थ्यो । प्याड छपाउनु पर्‍यो, पम्प्लेट छपाउनु पर्‍यो, उसकै जिम्मामा पर्थ्यो । जुलुसमा जान लागेको कसैको खल्ती रित्तो हुन्थ्यो, त्यो भर्ने जिम्मा उसको हुन्थ्यो । उसलाई भने चियाको समेत अम्मल थिएन, तर परिआउँदा पार्टीका मानिसहरूलाई सुपारी र चिया-चुरोटदेखि रक्सी खुवाउनेसम्म उसैको जिम्मा हुन्थ्यो ।

घरमा छोरो निमोनियाले ग्रस्त छ । बाबु मुटु फुलेर औषधिको अभावमा घोप्टो परेर सुतिरहेको छ । फि: तिर्न नसकेर स्कूलले छोरीको नाम काटिदिएको छ । फेरि पनि जागिर त छुँदैछ । पैसामात्र अपहरित छ पतिव्रता सीताजस्तै । ऊ यस्तै नियति भोगिरहेको थियो ।

'आज शहरमा चक्काजाम गर्न जानुपर्छ ।'

'आज नेपाल बन्द, बजार बन्द गर्न जानुपर्छ ।'

'साइकल पनि चल्न दिनुहुन्न, चलाउनेलाई धुलाइदिनुपर्छ ।'

हुँदाहुँदा ऊ त्यही पार्टीको विरोधी हुन थालेको थियो जसको अनुकम्पाले उसले जागिर पाएको थियो। पार्टीका मानिसहरूको अनुकम्पा सहिनसक्नु भएपछि उसले राजीखुशी जागिर छाडिदिएको थियो । ऊ त एक प्रकारले खुशी नै थियो, तर परिवारमा यसले जुन भूकम्प ल्याएको थियो, त्यसलाई थेग्न भने ऊसँग कुनै 'सिडेटिभ' थिएन ।

धेरैपछि फेरि उसले अर्को अखबारमा काम गरेको थियो । अखबार त अखबार नै थियो नि ! त्यो प्रजातन्त्रको रापले यति प्रज्ज्वलित थियो कि देशकै प्रजातन्त्र लज्जाले शीर नुहाउन बाध्य हुन्थ्यो । जब ऊ देशमा प्रजातान्त्रिक संस्कृति बन्न नसकेको कुरा, संविधानको मर्म अभ्यास हुन नसकेको कुरा अखबारमा लेखिरहेको हुन्थ्यो, त्यतिखेरै उसका सहकर्मीहरू उसको हस्ताक्षर आफैँले गरेर उसको नेता बनिसकेका हुन्थे । बौद्धिक छलफलमा उसका सहकर्मीहरूको क्रियाकलाप देख्दा त लाग्थ्यो- त्यहीँभित्रबाट एउटा राष्ट्रिय स्तरको बुद्धिजीवी समूह गठन हुनुपर्छ । खासमा ती 'सुर्रियालिज्म' र आइन्स्टाइनको सापेक्षतावादबाट कतिसम्म प्रभावित देखिन्थे भने समय-समयमा उनीहरू बहस गरिरहेका भेटिन्थे- लुसून र लसुनमा कुन स्वादिलो ? क्राइष्ट र कुकुरमा को ठूलो ? सुकरात र सुंगुरमा को सुन्दर ? हरिद्वार र मलद्वारमा कुन पवित्र ? गान्धी र गधामा को बलियो ? सामर्थ्य तिनीहरूमा कतिसम्म थियो भने पारिजातभन्दा कुनै चटपटे मोडेल, मदर टेरेसाभन्दा डायना र देवकोटाभन्दा कुनै स्टन्ट नायकलाई महान् बनाइदिएका थिए । सम्पर्क नगरीकनै प्रधानमन्त्री वा प्रधानन्यायाधीशको अन्तर्वार्ता लिइदिनु त तिनका लागि वायाँ हातको खेल थियो । यस्ता समाचारलाई ब्यानर दिने, दिलाउने मामलामा त तिनीहरू बत्तीस होइन, चौसट्ठी, अझ एक सय अट्ठाइस लक्षणले नै युक्त थिए ।

प्रष्ट थियो- यस मामलामा त ऊ सके संसारकै सबैभन्दा असफल प्राणी थियो । अत: दु:ख गरीगरी बनाएको उसको समाचारले स्थान पाउने त कुरै भएन । उत्तरआधुनिक युग न हो, बहुमतले चाह्यो भने खसीलाई पनि कुकुर बनाइदिन सक्छ । फेरि उसका सहकर्मीहरू त कतिसम्म हैसियत राख्थे भने बहुमतकै अभावमा पनि खसीलाई कुकुरको छाउरो बनाइदिनसक्थे । तान्त्रिकको भन्दा कम शक्ति थिएन भन्नुपर्छ । यस्तो भव्यताले सुसज्जित संसारमा ऊ कसरी टिक्नसक्थ्यो र ! त्यसपछि त्यहाँबाट पनि उसले हात धुनुपरेको थियो ।

त्यसपछि उत्तम व्यापार भन्ने सूक्तिलाई मानेर उसले सानोतिनो व्यापारमा हात हालेको थियो । त्यसका लागि चाहिने बत्तीस लक्षणमध्ये ऊसँग एउटै थिएन, जसका कारण त्यहाँबाट पनि हात धुनु परेको थियो । अमेरिका, जापान वा युरोप जाने रहरको पखेटा उसमा पनि नपलाएको होइन, तर अवसर त सधैँ माछाजस्तै चिप्लिरहेको थियो । समाजसेवा उसको जन्मजात पेसा थियो, तर मेवा सेवीहरूबीच उसको समाजसेवा पनि धेरै टिक्न सकेन ।

अन्तत: ऊ समाजमा संसारकै असफल प्राणीका रूपमा चिनिन थाल्यो । उसकी स्वास्नी त भन्नै थालेकी थिई- तिम्रो नाम गिनिज बुक अफ वर्ल्ड रेकर्डमा लेखाउन म आफैँ कम्मर कस्छु, संसारकै सबैभन्दा असफल प्राणीका रूपमा । स्वास्नी कुनै व्यंग्यकारकी छोरी थिई

जसका कारण वंशानुगतरूपमा  त उसमा यो गुण छँदै थियो, त्यसमाथि लोग्नेको असफलताले उसलाई भैरव अर्यालको भन्दा उँचो स्थान प्राप्त हुने स्थिति प्रत्यक्ष हुँदै थियो ।

अन्तिम पटक ऊ निकै थाकेको थियो । कतै फिट हुन नसकेकोमा भन्दा फेरि कतै नअटाएकोमा । पहिलेजस्तै ऊ फेरि बिहान-बेलुका भातसँगै स्वास्नी र बाबुको व्यंग्य पनि मुछेर खान थालेको थियो । खाँदा उसलाई लाग्थ्यो- काँडा चपाइरहेको छ जुन घाँटीमा पुगेर अड्कने निश्चित छ । भाग्यले आमा परमधामको बाटो हिँडिसक्नुभएको थियो । यस कुरामा उसलाई अलिकति खुशी नै थियो कि उसकै कारण, प्रष्ट छ- उसकै बेकारीका कारण, आमाले आत्महत्या गर्नुपरेन ।

समय रकेट स्तरमा उडिरहेको थियो । ऊ भने आफ्नै गोरुगाडामा यात्रा गरिरहेको थियो । यही कथनको ढुंगा ‘पन्च’ गरीगरी स्वास्नी र बाबु ऊतिर हानिरहेका थिए ।  पछिल्लो समय किताब, कापी, कलम उसका अभिन्न मित्र भएका थिए । उसको यही मित्रताकै कारण उसकी स्वास्नीलाई ती कुराप्रति असीम घृणा उत्पन्न भएको थियो । अन्तिम कामचाहिँ के भएको थियो भने उसको बाबुको मृत्युलाई उसकै बेकारीले सघाएको थियो ।

एकै क्षण पूर्वप्रेमिकाको सम्झना । त्यही प्रेमिका जसले उसको गरिबीकै कारण उसलाई लात मारेकी  थिई । प्रेमिकालाई ऊ हृदयदेखि नै माया गर्छु भन्ने दाबी गर्थ्यो । यो अलग कुरा हो कि प्रेमिकालाई हृदयदेखि कि शरीरदेखि माया गरिन्छ, त्यो कुरामा भने ऊ स्पष्ट थिएन । एक दिन तिनीहरू एकान्तमा निकै रोमान्टिक मुडमा थिए । दृश्य अरूले पनि हेरिरहेका हुँदा हुन् त निकै लोभलाग्दो थियो । प्रेमिकाले ७५ प्रतिशत आफूलाई पूरै छाडिदिएकी थिई । ऊ भने बाँकी २५ प्रतिशतका लागि पनि निकै उत्साहित भएको थियो । त्यसै बेला प्रेमिकालाई एक्कासि ज्ञान प्राप्त भएको थियो, गयामा सिद्धार्थ गौतमलाई जस्तै, कि उसको प्रेमी ‘यही’ मामलामा बाहेक पूरै नामर्द छ । केही गडबड  भयो भने एबोर्सन गराउनसमेत लायक रहँदैन । प्रेमिका त्यसपछि प्रकाश थापाको फिल्म शैलीमा ऊबाट छुट्टिएकी थिई- र, नयाँ पौरखीको निर्वागिंनी भइसकेपछि मात्र फेरि उसलाई दिव्यदर्शन दिन प्रकट भएकी थिई ।

एक्कासि उसको अहम्ले टाउको उठाउन थालेको थियो-  ऊ त्यो होइन जुन उसकी स्वास्नी सोच्ने गर्दछे । ऊ त्यो होइन जुन उसको बाबु, यो समाज र उसकी प्रेमिका सोच्ने गर्दथे । कुनै दिन उसका सपनाहरू ल्यांग्स्टन ह्युजेजको ‘हार्लेम’ शैलीमा विभिन्न स्वरूपमा प्रकट हुन्थे, र बमजस्तै पड्कन तयार । अब ती पनि असार पन्ध्रमा थाकेको किसानजस्तै भएका थिए ।

उसका लागि विद्रोहका अब दुई बाटा थिए - आत्महत्या गर्नु वा बहुलाउनु । बन्दुक समाउनुलाई ऊ विद्रोह मान्न तयार थिएन । दोस्रोलाई उसको विवेकले नितान्त कायरपना ठहराएको थियो । उसले सोच्यो- अब ऊ बाँचिरह्यो भने ऊ जे हो त्यसको भने अवश्य हत्या हुन्छ । उसले आफूलाई बचाउन आत्महत्या गर्ने निर्णय गरेको थियो । त्यसपछि उसले एउटा चिटमा सुन्दर भाषामा आत्महत्यासम्बन्धी आफ्नो मान्यता प्रकट गरेको  थियो । यही कि उसको आत्महत्या निरर्थक होइन, सत्यको हत्याविरुद्ध हो । यस कथाका कथाकार पाठकलाई यो भनेर ‘बोर’ गर्न चाहँदैन कि हाम्रो नायक त्यसका लागि कुन प्रविधि अपनाउँदै थियो । यो जरुरी कुरो हुँदै होइन ।  जरुरी कुरो हो-  ऊ आत्महत्याको संघारमा पुगेको थियो ।

एक्कासि के भएको थियो ? आत्महत्याको संघारमै पुगिसकेपछि एक्कासि उसको मा कर्णालीको अन्न हाहाकार बोकेर मच्चिएको थियो । उसलाई थाहा थियो सिंगो घरमा तिनीहरूसँग ५० रूपैयाँ पनि थिएन । जब उसको मृत्यु हुन्छ, उसको परिवारको के हालत हुन्छ

? प्रष्ट थियो यस्तो स्थितिमा मृतकको अन्तिम संस्कार र काजकिरिया गर्नसमेत तिनीहरूले कम्तीमा आफूलाई बेच्नुपर्नेछ । स्थिति त्यो अनुकूल पनि रहेन भने तिनले सामुहिक आत्महत्या गर्ने खतरा छ । यस्ता धेरै घटना उसले समाचारमा पढेको छ जसमा अतिगरिबीका कारण मानिसहरूले सपरिवार आत्महत्या गरेका हुन्थे । ऊ त चाहन्थ्यो उसको नाममा कुनै पाखण्ड नगरियोस् । तर, श्रीखण्डझैँ पवित्र जुन समाज थियो, त्यो त बज्रठिंगा नै लगाउने मुद्रामा खडा थियो नि !

बाँच्न त मिल्दै मिल्दैन... तर फेरि ? अब उसलाई मर्यादा पुरुष श्रीरामलाई जस्तै कर्तव्यबोध भएको थियो । उसले सोच्यो- ऊ आत्महत्या गर्छ भने आफ्नो अन्तिम संस्कार र काजकिरिया खर्च जुटाएर मात्र गर्छ । यत्रो परिभ्राट उठाइसकेपछि अन्ततः उसले आत्महत्याको योजनालाई ठीक तीन महिना पछि सारेको थियो । यही गरिबी र बेकारीका कारण जीवनभरि ऊ बाँचेर पनि मरिरहेको थियो । र, अहिले फेरि उही गरिबी र बेकारीकै कारण उसले आत्महत्याको योजनासमेत पछाडि सार्नुपरेको थियो ।

फेरि पनि एउटा प्रश्न उसको शीर निहुराउने गरी आफ्नो शीर उठाइरहेको थियो - यो तीन महिनाभित्र उसले के काम गर्ने ?

तीन महिनापछि फेरि अर्को समस्या त छँदै थियो ।

●●●●●●●●●●●●●●●●●

-------------